समृद्ध नगर निर्माणको लागि नगरबासीको सहभागिता !

आर्थिक तथा पुर्वाधार विकास र सुशासन हाम्रो प्रतिबद्दता !!

# बागचौर नगरपालिकाको सातौं नगर सभामा श्रीमान नगर प्रमुख लोकमान बुढाथोकीज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७८।०७९ को
# नीति तथा कार्यक्रम

बागचौर नगरपालिका, सल्यान
कर्णाली प्रदेश, नेपाल
२०७८, असाढ

**सभाका सदस्यज्यूहरु तथा उपस्थित महानुभावहरु,**

यस ऐतिहासिक अवसरमा सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणको क्रममा राष्ट्रियता, लोकतन्त्र र नागरिक अधिकार प्राप्तिको लागी भएका १० वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन तथा विभिन्न आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण आदरणीय ज्ञात अज्ञात महान् सहिद तथा बेपत्ताजनहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते अपाङ्ग योद्धाहरू प्रति स्वास्थ्य लाभको कामना सहित हार्दिक सम्मानका साथ अभिवादन प्रकट गर्दछु । न्याय समानता, स्वाधीनता र समृद्धिका लागि विभिन्न समयमा भएका आन्दोलनहरूमा अमूल्य योगदान पुऱ्याउनु हुने सम्पूर्ण नेपाली आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरू प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

आज विश्वव्यापी महामारीको रूपमा फैलिरहेको नोवल कोरोना भाइरस (कोभिड १९) का कारण सम्पूर्ण मानवजातिलाई नै आक्रान्त बनाइरहेको छ । नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायत अधिकांश कर्मचारी टिम सहित हामी बागचौर नगरबासीहरु पनि संक्रमणबाट अछुतो रहन सकेनौं । ईतिहासको कालखण्डमा आइपरेको यस कठिन परिस्थितिमा अग्र पङ्क्तिमा अहोरात्र खट्नुहुने नगर उप-प्रमुखज्यू, सम्पूर्ण डाक्टर लगायत स्वास्थ्यकर्मीहरू, जनप्रतिनिधिहरू, राजनीतिक दल्, पत्रकार, राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मीहरू, निजी तथा व्यावसायिक क्षेत्र, गाडी चालक तथा स्वयंसेवकहरू प्रति धन्यवाद सहित हार्दिक आभार प्रकट गर्दछु । कोरोना रोकथाम तथा नियन्त्रणमा हामीलाई आर्थिक तथा अन्य सहयोग उपलब्ध गराई महत्त्वपूर्ण सहयोग प्रदान गर्नुहुने सहयोगी नगरबासी तथा दाताहरू प्रति सम्मान सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु । विभिन्न तवरले सहयोग पुऱ्याउनु हुने विभिन्न व्यक्तित्व तथा आम जनसामुदायहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

नगर क्षेत्रमा कोभिड-१९ को सङ्क्रमण फैलिए पश्चात हाम्रो आफ्नै प्रयासमा विभिन्न क्षेत्रका सहयोगी हातहरु संग हातेमालो गर्दै सङ्क्रमितको उचित उपचारको लागि मिनि अक्सिजन प्लान्ट सहितको कोभिड-१९ आइसोलेसन केन्द्र स्थापना गरेर संक्रमित बिरामीहरुको उपचार तथा थप संक्रमणको जोखिम न्युनिकरण गर्न सफल भएका छौं । सीमित श्रोत र साधनका बाबजुद अन्तिमसम्म प्रयास गर्दा गर्दै पनि यस कोरोना भाइरसका कारण देश तथा विदेशमा ज्यान गुमाउनु हुने नगरबासी तथा सम्पूर्ण मृतआत्मा प्रति हार्दिक श्रद्धाञ्जली तथा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । साथै सङ्क्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस विषम परिस्थितिमा जीवन रक्षाका लागि उच्च सतर्कता एवं संयमता अपनाउन समेत सबैमा अपिल गर्दछु ।

विपद्को यस कठिन परिस्थितिमा महामारी रोकथाम, नियन्त्रण र उपचारको कार्यमा सहयोग पुऱ्याउनु हुने संघीय सरकार , प्रदेश सरकार एवं जनप्रतिनिधिज्युहरु प्रति  हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

देशको बदलिदो राजनितिक परिस्थिति, राजनितिक पार्टीहरु भित्रको बढ्दो असहमझदारी, राजनितिक उतार चढाव र अस्थिरताका कारण केन्द्रिय राजनिति हुदै प्रदेश तथा स्थानीय तह सम्ममा समेत त्यसको प्रतिकुल प्रभाव पर्न सक्ने सम्भावना रहेपनि राजनितिक आग्रह पुर्वाग्रहहरुबाट अविचलित रहि यस सभामा प्रतिनिधित्व गर्नु हुने सम्पुर्ण जनप्रतिनिधिहरु संग सहकार्य समन्वय गर्दै विगतका आर्थिक वर्षहरु जस्तै आगामी आ.व. २०७८।०७९ मा पनि  सबैको साथ र सहयोगबाट नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयन गर्दै अगाडि बढ्ने प्रतिवद्दता व्यक्त गर्दछु ।

कोभिड-१९ को विश्वव्यापी महामारीको कारण हाल उत्पन्न असहज परिस्थिति र निकट भविष्यमा आउन सक्ने भेरिएन्टका कारण उत्पन्न हुन सक्ने सम्भावित परिस्थिति समेतलाई मध्यनजर गरि त्यसको जोखिम तथा असरलाई न्यूनीकरण गर्दै जनजीवनलाई नियमित र सामान्य गर्ने विषय नै अहिलेको प्रमुख चुनौती हो । कोभिड-१९ का कारण देखिएको स्वास्थ्य सुरक्षामा देखिएको चुनौति सामाना गर्दै जनस्तरमा स्वास्थ्य सम्बन्धि चेतना अभिवृद्दि र दिर्घकालिन स्वास्थ्य संरचना  तथा पूर्वाधार विकासमा विशेष ध्यान राखी नगरबासी आम जनसमदायको जीवन रक्षाका निमित्त बजेट विनियोजन, नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने हाम्रा लागि ऐतिहासिक र महत्वपुर्ण अवसर पनि हो ।

अब म चालु आर्थिक वर्षमा कार्य सम्पादन भएका केही महत्त्वपूर्ण उपलब्धिहरुलाइ बुँदागत रूपमा यस सम्मानित सभा समक्ष पेस गर्ने अनुमति चाहन्छु ।

- **विकास तथा पुँजीगत कार्यक्रम**

  नगरपालिकाबाट आर्थिक वर्ष २०७७।०७८ मा सम्पाद हुने नगर स्तरीय, वडा स्तरीय योजना गरी ५५० जम्मा वटा योजना तथा अन्य कार्यक्रमहरू सहित आर्थिक वर्षको अन्तसम्म ४०० योजना तथा कार्यक्रमहरु कार्यान्वयन हुने देखिएको छ । यस नगरपालिकाको आर्थिक वर्ष २०७७।०७८ को सामाजिक क्षेत्रमा ५७.०४%, आर्थिक विकासमा ३६.१३%, पूर्वाधार विकास तर्फ ५२.१८% सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र ६.९३%, कार्य सञ्चालन तथा प्रशासनिक तर्फ ६१.६५% खर्च भएको र समग्रमा खर्च अनुपात सन्तोषजनक रहेको छ ।

- **पशुपंक्षी विकास कार्यक्रम**

नगरपालिकाले चालु आर्थिक वर्षबाट सुरु गरेको पशुपंक्षी खोप कार्यक्रमबाट ३५००० पशुपंक्षीमा खोप सेवा दिइएको छ । साथै शाखा तथा पशु सेवा क्लिनिक टाट्केबाट ६५ हजार पशुपंक्षीले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा उपचार सेवा लिएका छन् । हालसम्म करिब १३०० भैँसी पालक किसानलाई बैंकिङ प्रणाली मार्फत भैँसी सुत्केरी भत्ता वितरण  गरिएको छ । क्षेत्र निर्धारण गरी दुग्धजन्य पदार्थको सङ्कलन, वितरण तथा पर्वद्धनका लागी दुग्ध पकेट क्षेत्र निर्धारण गरिएको छ । पशु स्वास्थ्य शिविर, रेबिज दि  वस कार्यक्रम, पशु आहार कार्यक्रम, व्यावसायिक किसानहरूलाई प्रविधि हस्तान्तरण कार्यक्रम, भकारो सुधार कार्यक्रम, व्यावसायिक बाख्रा फर्महरूको गोठ,खोर व्यवस्थापन तथा निर्माण, समूहमा बाख्राको खोर निर्माण गरी जम्मा ९८ वटा योजना निर्माण जस्ता गतिविधि यस क्षेत्रमा सञ्चालन भएका छन् ।

- **कृषि विकास कार्यक्रम**

नगरपालिकाले चालु आर्थिक वर्षबाट सुरु गरेको कृषि क्षेत्रमा १६ वटा साना सिँचाइ पोखरी निर्माण, ११ वटा प्लास्टिक पोखरी निर्माण, ५०% अनुदानमा १६ वटा व्यावसायिक प्लास्टिक घर, हाते ट्याक्टर वितरण, २९ वटा अस्थायी प्लास्टिक घर निर्माणको लागि कार्यक्रम सम्पन्न गरेको छ । कृषक समूह दर्ता ५६ वटा र कृषि फर्म १२७ वटा दर्ता गरिएको  छ ।

- **महिला तथा बालबालिका**

कर्णाली प्रदेश सरकारले उद्घोष गरेको “बैङ्क खाता छोरीको, सुरक्षा जीवन भरिको” कार्यक्रम अन्तरगत २०७६ श्रावण १ गते देखी हालसम्म ४६३ जना छोरीहरूको बैङ्क खाता खोलिएको छ । स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष सञ्चालनका लागि लैङ्गिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड, २०७७ तयार गरिएको छ । अपाङ्गता परिचयपत्र वितरणका लागि “अपाङ्गता भएका व्यक्तिको परिचयपत्र सम्बन्धी कार्यविधि २०७५ तयार गरिएको छ । हालसम्म अपाङ्ग परिचयपत्र वितरण गरिएकोमा १२ जना महिला र १९ जना पुरुष गरी जम्मा ३१ जनालाई अपाङ्ग परिचयपत्र वितरण गरिएको छ । त्यस्तै “ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका २०७४ ” तयार गरिएको छ । हालसम्म ५३ जना ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको छ । लैङ्गिक हिंसा निवारण कोष कार्यविधि २०७८ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

- **पूर्वाधार विकास निर्माण**

यस नगरमा विगत तीन वर्षभित्र सबै टोलमा ग्रामीण सडक पहुँच पुग्नुको साथै नयाँ ट्र्याक १५० किमी, सडक ग्राभेल २५ किमी, सडक  विस्तार ५० किमी, सडक मर्मत ७० किमी, गोरेटो बाटो १० किमी, पुल ४ वटा, कल्भर्ट निर्माण १० वटा सम्पन्न भएका छन् । भौतिक पूर्वाधार अन्तरगत ९५ वटा खानेपानीको ट्याङ्की निर्माण गर्नुका साथै १२ वटा लिफ्ट खानेपानी निर्माण भई खानेपानीको क्षेत्रमा उल्लेखनीय कार्य भएको छ । सिँचाइको क्षेत्रमा नयाँ कुलो निर्माण ५००० मि, कच्ची नाली ४५०० मि, रहेको छ भने यसका अतिरिक्त भवन निर्माण ( वडा कार्यालय भवन, सामुदायिक भवन, विद्यालय , स्वास्थ्य केन्द्र ) १५ वटा, खेलकुद मैदान १ वटा रहेका छन् । १२ वटै वडा कार्यालयमा इन्टरनेट पहुँच, सडक निर्माण कार्य सम्पन्न भएका छन् । पक्कै पनि यी उपलब्धि पर्याप्त छैनन् तर यी कार्यले विकास कार्यको आधार विन्दु तय भएको दृश्य देखाएका छन् ।

- **श्रम तथा रोजगार**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत कार्य सम्पादन तथा तथ्याङ्क प्रविष्टको आधारमा बागचौर नगरपालिका लगातार दोश्रो पटक देश भरिकै ७५३ स्थानीय तहहरु मध्ये उत्कृष्ट भइ सो को आधारमा बजेट तथा कार्यक्रम प्राप्त गर्न सफल भएको छ । चालु आ.व.मा प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत १२ वटै वडाबाट प्राप्त कुल ५४५२ जना बेरोजगार श्रमिकहरुको तथ्याङ्क प्रविष्ट गरि करिब ३००० भन्दा बढिलाई रोजगारी प्रदान गरिएको र आगामी आ.व. २०७८।०७९ को लागि ६५६९ जना बेरोजगार श्रमिकहरुको तथ्याङ्क प्रविष्ट गर्ने काम सम्पन्न भएको छ ।

- **सार्वजनिक सेवा प्रवाह र शुसासन**

स्मार्टपालिका बागचौर निर्माण गर्ने उद्देश्यका साथ डिजिटल नगर प्रोफाइलको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । यसले तथ्य तथ्याङ्कमा आधारित नीति निर्माणका लागि सूचना प्रदान गर्दछ । नगरको सम्पूर्ण परिचय झल्काउने उद्देश्यका साथ नगर भिडियो डकुमेन्ट्री  निर्माण गरिएको छ । साथै वडागत भिडियो डकुमेन्ट्री पनि निर्माण गरिएको छ । नगरबाट सम्पादन हुने कार्यहरू धैरैजसो अनलाइन प्रणालीबाट सम्पादन हुँदै आइरहेको छ ।  स्थानीय तहको सेवालाई जनमुखी बनाउन प्रविधि र सूचनाको प्रयोग गरी १२ वटै वडा कार्यालयबाट नै सम्पादन हुने व्यवस्था मिलाइएको छ । नगर कार्यपालिकाको कार्यालयबाट सम्पादन हुने योजना सफ्टवेयर, राजश्व अनलाइन सफ्टवेयर, लेखा शाखा अनलाइन सूत्र तथा पेरोल सफ्टवेयर, दर्ता चलानी अनलाइन सफ्टवेयर, जिन्सी अनलाइन पाम सफ्टवेयर, शिक्षामा ईमिस (IEMIS) सफ्टवेयर, स्वास्थ्यमा एच.एम.आइ.एस (HMIS) सफ्टवेयर, पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखामा अनलाइन घटना दर्ता सञ्चालनमा आइरहेको छ भने सामाजिक सुरक्षा भत्ता लगायत अन्य भुक्तानी प्रक्रियालाई बैङ्किङ प्रणालीबाट भुक्तानी हुने व्यवस्था पनि मिलाइएको छ ।

- **पारदर्शिता र सूचनाको अवस्था**

  नगरपालिकाले यस क्षेत्रको सुधारका लागि जनतासँग जनप्रतिनिधि कार्यक्रम, वेबसाइटमा नियमित सूचना सम्प्रेषण, बिलबिजकको सार्वजनिकरण, योजनाहरूको सार्वजनिक परीक्षण तथा सामाजिक सञ्जालको प्रयोगमा बढोत्तरी गरेको छ । कोभिड-१९ को दैनिक तथ्य तथ्याङ्कको पत्रकार सम्मेलनद्वारा सार्वजनिक गरी जनताको सुसूचित हुने अधिकारलाई सम्मान गर्नुका साथै नागरिकका सूचना, उजुरी र अन्य समस्याको सुनुवाइमा जोड दिइएको छ । साथै संघीय सरकार र प्रदेश सरकारलाई नियमित प्रगति प्रतिवेदन पेस गरिएको छ ।

- **स्थानीय शिक्षा**

  नगरपालिकाले चालु आ.व.मा "**हामी र हाम्रो बागचौर नगर सेरोफेरो**" नामक स्थानीय पाठ्यक्रम तर्जुमा गरी शैक्षिक सत्र २०७७ देखि कक्षा १- ८ सम्म कार्यान्वयनमा ल्याइएको, विद्यार्थीहरुलाई विद्यालयमा आउन , टिकाउन र सिकाउन दिवा खाजा, पाठ्यपुस्तक छात्रवृत्तिको व्यवस्था, शैक्षिक सुशासन, शिक्षकको दरबन्दी मिलान, विद्यालयको भौतिक सुधार तर्फ २ कोठे र ४ कोठे विद्यालय भवनहरु, शौचाललय, पुस्तकालय तथा सूचना प्रविधिको विकास, कक्षा कोठा तथा विद्यालय कार्यालय व्यवस्थापन, तथ्याङ्क प्रणाली सुदृढीकरण एवं शिक्षकको पेसागत विकास तालिम सम्बन्धी कार्यहरू सम्पन्न भएका छन् ।

- **स्थानीय कानुन निर्माण** पहिलो नगर सभाबाट पारित विभिन्न ऐन, नियमावली, निर्देशिका, कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित गरेर त्यसको जानकारी संघीय र प्रदेश सरकार लाई गराएको छ । हालसम्म १६ वटा ऐन, ३ वटा नियमावली र १३ वटा निर्देशिका एवं कार्यविधि निर्माण भइसकेका छन् ।

- **स्थानीय न्याय सम्पादनः** चालु आ.व. २०७७।०७८ मा अ.ल्या. समेत १७ वटा उजुरी दर्ता गरिएकोमा मिलापत्र ४, निर्णय २, डिसमिस ५ र विचाराधिन ६ रहेको छ ।

- **कोभिड-१९ व्यवस्थापन**

  आ.व. २०७६।०७७ मा कोभिड-१९ सङ्क्रमण रोकथाम तथा नियन्त्रणको लागि प्राकृतिक प्रकोप व्यवस्थापन कोषमा रकम रु २ करोड ६१ लाख ३५ हजार बराबरको कोष खडा गरियो । जस अनुसार कोभिड-१९ सङ्क्रमण रोकथाम तथा नियन्त्रणमा रकम रु १ करोड २७ लाख ६८ हजार खर्च भएको थियो । आ.व. २०७६।७७ को चैत्र ११ गते लकडाउन भए पछि भारत लगायत तेस्रो मुलुकबाट नगरपालिकामा भित्रिएका जम्मा १८५९ जनालाई नगरपालिकाका बाह्र वटै वडाका ५४ वटा सामुदायिक विद्यालयलाई अस्थायी क्वारेनटाइन निर्माण गरी व्यवस्थापन गरिएको थियो । जसमध्येमा १४४८ जनाको पिसिआर परीक्षण गरिएको

थियो भने ४११ जनाको आरडिटि परीक्षण गरिएको थियो । आ.व. २०७६।०७७ मा जम्मा ७३ जनाको कोभिड-१९ पिसिआर रिपोर्ट पोजेटिभ आएको थियो । चालु आ.व २०७७।०७८ मा पनि उक्त कोभिड-१९ सङ्क्रमणको दोस्रो चरणको भेरिअन्ट देखा परेसँगै कोभिड-१९ सङ्क्रमण रोकथाम तथा नियन्त्रणको लागि कोभिड-१९ आइसोलेसन केन्द्रको स्थापना गरिएको छ । आइसोलेसनमा केन्द्रमा मेडिकल अधिकृत १ जना ३ जना हेल्थ असिस्टेन्ट, २ जना स्टाफ नर्स, ४ जना अनमी , चालक ३ जना र कार्यालय सहयोगी ५ जना को जनशक्ति व्यवस्थापन गरी परिचालन गरिएको छ । यस आइसोलेसन केन्द्रमा बिरामीको उपचारको लागि मिनि अक्सिजन प्लान्ट सहित अक्सिजन सिलिन्डर (ठुलो) ३८ वटा, अक्सिजन कन्सन्ट्रेटर ७ वटा र १ वटा एम्बुलेन्स सहित थप २ वटा गाडीहरूको व्यवस्था गरिएको छ । आइसोलेसन केन्द्र मार्फत प्रत्येक वडाहरूमा गएर कोभिड-१९ शङ्कास्पद बिरामीहरूको एन्टिजेन परीक्षण गरिएको छ भने आइसोलेसन केन्द्रमा कोभिड शङ्कास्पद बिरामीहरूको दैनिक एन्टिजेन परीक्षण गरिएको छ । सङ्क्रमित बिरामीहरुको लागि निःशुल्क उपचार र खानपिनको व्यवस्था गरिएको छ । चालु आ.व. २०७७।०७८ मा आइसोलेसन केन्द्रमा हालसम्म ३ सय १५ जनालाई सफल उपचार गरिएको छ भने यस अवधिमा देश भित्रका विभिन्न अस्पताल तथा आइसोलेसनमा उपचार गराउदा गराउदै २६ जना नगरबासी नागरिकहरुको दुखद निधन भएको छ । २ सय ९० जनाको एन्टिजिन परिक्षण गरिएकोमा १ सय ८६ जना नेगेटिभ र १ सय ४ जनाको पोजेटिभ देखिएको छ । आइसोलेसन केन्द्रमा भर्ना भएका मध्ये २ सय ९९ जना सन्चो भएर डिस्चार्ज हुनुभएको छ भने १३ जनालाई अक्सिजनको व्यवस्था गरेर बाहिर रिफर गरिएको छ । यस विषम परिस्थितिमा कोभिड-१९ सङ्क्रमण रोकथाम तथा नियन्त्रणमा आफ्नो अमूल्य सल्लाह सुझाव र भौतिक तथा आर्थिक सहयोग गरी नगरपालिकालाई सहयोग गर्नुहुने संघीय सरकार, प्रदेश सरकार, जनप्रतिनिधि, पत्रकार, बुद्धिजीवी, कर्मचारी, व्यापारी, संघ- संस्था, सुरक्षाकर्मी लगायत सम्पूर्ण सहयोगी मनहरूमा विशेष धन्यवाद दिन चाहन्छु ।

**सभाका सदस्यज्यूहरु,**

अव म बागचौर नगरपालिकाको आर्थिक वर्ष २०७८।०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**प्राथमिकताहरू**

- स्वास्थ्य, कोभिड-१९ रोकथाम तथा नियन्त्रण
- पूर्वाधार विकास
- श्रम तथा रोजगारी
- शिक्षा
- कृषि तथा पशुपालन

- सुशासन, संस्थागत विकास तथा मानव पुँजी व्यवस्थापन

अब म क्षेत्रगत आधारमा बजेटका नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**कोभिड १९ रोकथाम तथा नियन्त्रण**

- नगरपालिका क्षेत्रमा कोभिड-१९ सङ्क्रमणबाट नागरिकलाई बचाउन कोभिड-१९ आइसोलेसन केन्द्र स्थापना गरिएको छ । सो केन्द्रलाई थप श्रोत साधनयुक्त बनाई सञ्चालनको लागि निरन्तरता दिइनेछ ।
- कोभिड १९ न्यूनीकरण कार्यका लागि नगरपालिकाको छुट्टै कोष खडा गरिएको छ । सो कोषमा सरकारी, निजी तथा अन्य क्षेत्रबाट रकम जम्मा गर्ने तथा खर्च गर्ने व्यवस्था मिलाइनेछ र कोरोना महामारी रहँदा सम्मको लागि यसलाई निरन्तरता दिइनेछ । तत्पश्चात यस आइसोलेसन केन्द्रलाई अस्पतालकै रुपमा आवश्यक प्रक्रिया पुरा गरि कार्यान्वयनको प्रक्रियामा लगिनेछ ।

- कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि स्वास्थ्य सामाग्रीहरूको बन्दोबस्त, राहत वितरण, अलपत्र नागरिकहरूको उद्धार तथा व्यवस्थापन, क्वारेनटाइन व्यवस्थापन तथा खानपिनको बन्दोबस्त, आवश्यक औषधि उपचार, स्वयंसेवक, सहयोगी परिचालन, एन्टिजेन टेस्ट तथा पीसीआर परीक्षण, तथ्याङ्क सङ्कलन तथा अनुगमन, सचेतनामूलक कार्यक्रम लगायतका अन्य आवश्यक कार्यहरूलाई आवश्यकता अनुसार कार्यान्वयन गरिदै लगिनेछ ।
- कोभिड १९ को विश्वव्यापी सङ्क्रमण रोकथामको लागि संघ तथा प्रदेश सरकार सँगको सहकार्यमा आवश्यक व्यवस्थापन गरिनेछ ।

**श्रम तथा रोजगार**

- प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विशेष व्यवस्था गरिनेछ साथै यसको लागि आवश्यक जनशक्ति परिचालन र साझेदारी बजेटको व्यवस्था समेत मिलाई योजनाहरु कार्यान्वयन गर्दै लगिनेछ ।
- ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक एवं पर्यटकीय क्षेत्रको पहिचान गरी ती क्षेत्रहरूमा "हाम्रो नगर हाम्रो पौरख" कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर भित्र सञ्चालन हुने सार्वजनिक विकास निर्माणका काममा अधिकतम रोजगारीको सिर्जना हुने गरी आयोजना सञ्चालन गरिनेछ ।

- नगर भित्र विभिन्न क्षेत्रबाट सिर्जना हुने रोजगारीको सूचना सङ्कलन गर्न सरोकारवाला पक्षहरू सँग अन्तरक्रिया एवं समन्वयको व्यवस्था गरी आवश्यक श्रम शक्ति रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारहरुबाट लिने व्यवस्था गरिनेछ ।
- विभिन्न सिप विकास तालिमहरू सञ्चालन गरी युवाहरुलाई स्वरोजगार तथा आत्मनिर्भर बन्न उत्प्रेरित गरिनेछ ।
- कोभिड-१९ को कारणले वैदेशिक रोजगारीबाट फिर्ता भएका, स्वदेशमै रोजगार गुमेका वा बेरोजगार रहेका महिला तथा पुरुष युवा जनशक्तिलाई समान पारिश्रमिक सहित विकास निर्माणका काममा परिचालन गरी रोजगारीको अवसर प्रदान गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।
- प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगारका कार्यक्रममा आवश्यकता अनुसार नगरपालिकाको थप बजेट साझेदारी गरिनेछ ।
- दश वर्षे महान् जनयुद्ध तथा १९ दिने जनआन्दोलनका घाइते अपाङ्ग सहिद तथा बेपत्ता परिवार एवं न्यून आय भएका व्यक्तिहरूको क्षमताको विशिष्टीकरण गरी रोजगारी लगायतका अन्य काममा प्राथमिकता दिइने छ ।

**आर्थिक विकास तर्फ**

१. **कृषि**

- परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने तर्फ ध्यान दिइने छ । यसका लागि तरकारी, फलफूल, जडीबुटी तथा पशुपालनका लागी पकेट क्षेत्र पहिचान गरी तिनको विकास र प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम अवलम्बन गरिने छ । साथै कृषिमा अनुदान र कृषकलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ ।
- कृषि पकेट क्षेत्र विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कृषि उत्पादनलाई बजारीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- अर्गानिक तथा बेमौसमी तरकारी खेतीलाई प्राथमिकता दिइनेछ ।
- आलु, सुन्तला लगायत तरकारी तथा फलफूलबाट कृषकलाई बेमौसमी लाभका लागी चिस्यान केन्द्र निर्माण गर्न पहल गरिनेछ ।
- निश्चित कोटा निर्धारण गरी किसानहरूलाई ५० प्रतिशत अनुदानमा हाते ट्र्याकटर, अन्य उपकरण तथा सामाग्रीहरू वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- निश्चित कोटा निर्धारण गरी कृषकहरूलाई ५० प्रतिशत अनुदानमा कृषक समुह, उपभोक्ता समिति, सहकारी संस्था, निजी फर्म, कम्पनी मार्फत सिँचाई पोखरी निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- हरित कृषिलाई बढवा दिन  फलफूलको बिरुवा रोप्नु पर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- किसान समूह तथा निजी फर्महरूको तथ्याङ्कलाई अद्यावधिक गरी नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधा समूह तथा फर्म मार्फत उपलब्ध गराउँदै लगिनेछ ।
- कृषि तथा पशु व्यवसायमा सङ्क्रामक रोगबाट पर्ने असर न्यूनीकरण गर्न आवश्यक निरोधात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- किसानहरूलाई मल, बिउ बेमौसमी तरकारीको बिउ तथा फलफूलका बिरुवाहरू निःशुल्क तथा सहुलियत अनुदानमा वितरण गर्ने व्यवस्था  मिलाइनेछ ।

२. **पशु सेवा**

- पशुपालनबाट अधिक लाभ लिनको लागी नस्ल सुधार कार्यक्रम लागु गरिनेछ ।
- व्यावसायिक पशुपन्छी पालन कार्यलाई प्रोत्साहन गरिनेछ ।
- दूध तथा माछा मासुमा आत्मनिर्भर बन्न भैँसी , बाख्रा,  कुखुरा, बङ्गुर तथा माछा पालन व्यवसायलाई प्रोत्साहन गरिनेछ । साथै खोर, गोठमा आधारित ५०% अनुदानको व्यवस्था गरिनेछ ।
- पशु बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- दुग्धजन्य पदार्थको सङ्कलन, वितरण तथा पर्वद्धनका लागी क्षेत्र निर्धारण गरी आवश्यक व्यवस्था मिलाइने छ ।
- भैसी सुत्केरी भत्ता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पशु सेवा प्रसार तथा पशु स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ ।
- पशु स्वास्थ्य सेवा लिन वञ्चित भएका बस्तीहरूमा पशु स्वास्थ्य सेवा शिविर सञ्चालन गरिनेछ ।
- यस पशु सेवा शाखा अन्तरगत पर्ने टाट्के पशु सेवा क्लिनिकलाई थप व्यवस्थित गरिनेछ । साथै आगामी वर्षमा कृषि क्षेत्र विकास कार्यक्रम र बागचौर नगरपालिकाको साझेदारीमा कृषि सेवा केन्द्र विस्तार गरिनेछ ।
- एकल महिलाहरूको वर्गीकरण गरी निम्न स्तरको एकल महिलाहरूलाई जीविकोपार्जनको लागि उन्नत जातका बाख्रा  वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाख्रा भैँसी लगायतका पशुहरूमा देखिने कठिन खालको रोग निदान गर्न तिनीहरूको स्याम्पल सङ्कलन गरी प्रयोगशालामा पठाई रोग निदान गर्ने व्यवस्था मिलाइनेछ।
- किसानहरूलाई उन्नत जातका घाँसहरूको बिउ तथा बिरुवा निःशुल्क वितरण गरिनेछ ।
- नगर भित्र सञ्चालित पशुपंक्षी संग आबद्ध सबै पाराभेट, एग्रोभेट तथा मासु पसल, डेरी पसलहरूको नियमन/अनुगमन गरिनेछ ।
- एक घर एक भैँसीको भकारो निर्माण तथा स्थानीय कुखुराको लागि खोर निर्माण कार्यलाई अगाडी बढाइने छ ।

- पशु फर्महरूलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

३. **पर्यटन**

- नगर क्षेत्रभित्र रहेका ऐतिहासिक, धार्मिक तथा पुरातत्त्वका हिसाबले महत्त्वपूर्ण स्थानहरूको संरक्षण एवं प्रवर्द्धन गरिनेछ ।
- अग्ला टाकुरा भ्यु टावरको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- वली जातिको उदगम स्थल हिमचौरलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- शिव गुफा मन्दिर मोख्लालाई थप व्यवस्थापन गर्दै लगिनेछ ।
- बाँफुखोला दोभान जङगले बिजयधुरी पदमार्ग निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- परिलेख मख्लाम पदमार्ग, कोटमौला रानीपोखरी, बाँफुखोला सुकिदहलाई प्रयटकिय स्थलको रुपमा विकास गरिदै लगिनेछ ।

४. **घरेलु तथा साना उद्योग एवं सहकारी तथा वित्तीय क्षेत्र**

- नगरवासीहरूको परम्परागत सीप तथा व्यवसायलाई आधुनिक तथा व्यवसायीकरण गर्दै लैजान सम्भावित घरेलु तथा साना उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
- स्थानीय स्तरमा उत्पादित वस्तुहरू तथा कच्चा पदार्थहरुको प्रशोधन तथा उपयोग स्थानीय स्तरमै गर्न आवश्यक कार्यक्रम अगाडी बढाइनेछ ।
- स्थानीय स्तरको व्यापारीहरूको संस्था उद्योग वाणिज्य संघ तथा अन्य व्यापारिक सङ्गठनहरूको गठन प्रक्रिया अगाडी बढाइने छ ।
- सहकारी तथा वित्तीय क्षेत्रको सह-सरकारको अवधारणा अनुरूप अनुमति, नियमन, विस्तार तथा क्षमता विकासको कार्यक्रम सञ्चालन गरी पुजी परिचालनमा जोड दिइनेछ ।
- प्रत्येक वडामा १ वटा नमुना सहकारीको स्थापना र सञ्चालन गरिने नीति लिइनेछ ।
- नगर भित्रका सहकारीहरूको प्रतिवेदन प्रणालीलाई सबलीकरण गरी मासिक रूपमा नगरपालिकामा विवरण बुझाउनु पर्ने व्यवस्था गरिनेछ ।
- सहकारी तथा वित्तीय संस्थाहरूको तथ्याङ्क अद्यावधिक गरी सामाजिक उत्तरदायित्व प्रति थप जिम्मेवार बनाइनेछ ।

**सामाजिक विकास तर्फ**

१) **शिक्षा, युवा तथा खेलकुद**

- "विद्यालयको सुधार, बालबालिकाको उज्ज्वल भविष्यको आधार" भन्ने आदर्श वाक्यलाई आत्मसाथ गर्दै नगर शिक्षा प्रणालीको सुधार गर्न विद्यालयको व्यवस्थापन, क्षमता विकास, साझेदारी, असल अभ्यास आदान प्रदानको नीति अवलम्बन गरिनेछ ।

- विद्यालय उमेर समूहका बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय शिक्षामा आबद्ध गराई कम्तीमा माध्यामिक तह पुरा गराउने व्यवस्था मिलाइनेछ ।
- विद्यालयहरूको नक्साङ्कन गरी समायोजन तथा मर्ज गरिनेछ ।
- गुणस्तरीय विद्यालयका लागि योग्य र कुशल नेतृत्व प्रणाली अवलम्बन गर्न प्रधानाध्यापक र विषयगत शिक्षकसँग कार्य सम्पादन करार गरिनेछ र सो को अनुगमन गरिनेछ ।
- सामुदायिक विद्यालयहरूको पूर्वाधार विकासलाई निरन्तरता दिइनेछ ।
- आधारभूत तहमा कार्यान्वयनमा रहेको **<u>हामी र हाम्रो बागचौर नगर सेरोफेरो</u>** नामक स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक लेखन कार्य गरिनेछ ।
- सबै माध्यामिक विद्यालयहरूमा सूचना प्रविधि प्रयोगशाला विस्तार गरी अनलाइन, भर्च्युल तथा वैकल्पिक सिकाई प्रणालीबाट सिकाई क्रियाकलाप सञ्चालन गरिनेछ ।
- फरक क्षमता भएका, विशेष क्षमता भएका र अन्य बालबालिकाहरुका लागि बालमैत्री सिकाई प्रणाली अवलम्बन गरिनेछ ।
- सिकाइ उपलब्धि र कार्य सम्पादनका आधारमा शिक्षकलाई पुरस्कृत गरिनेछ ।
- बाल विकास केन्द्र र आधारभूत तह कक्षा १ देखि ५ सम्मका सिकारुहरूको लागि दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गरि  निरन्तरता दिइनेछ ।
- आधारभुत तह (कक्षा१-८) मा अध्ययनरत दलित, अपांग र अन्य छात्राहरुको लागि तोकिएको छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- प्रारम्भिक बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी र शिक्षकहरूको क्षमता अभिवृत्ति गर्न उचित कार्यक्रमको व्यवस्था गरिनेछ ।
- नगर स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।
- युवा परिचालन र स्काउट गतिविधि सञ्चालन गरिनेछ ।
- विद्यालय सुपरिवेक्षणलाई नतिजामुखी अनुगमन प्रणाली बमोजिम सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयमा प्रधानाध्यापकको छनौट तथा सरुवाको लागि आवश्यक योग्यता सूची तयार गरी प्रधानाध्यापकको जिम्मेवारी दिइनेछ ।
- नगर स्थित विद्यालयहरूको वार्षिक योजना नगरबाट स्वीकृत भए पश्चात् मूल्याङ्कनको आधारमा अनुदान प्रोत्साहन र कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयहरूमा छात्राहरूको लागि निशुल्क स्यानिटरी प्याडको व्यवस्थाको गरिनेछ ।
- विद्यालयहरूलाई जङ्क फुडबाट मुक्त राख्दै स्थानीय उत्पादनको प्रयोगमा जोड दिइनेछ ।
- प्रत्येक ३।३ महिनामा प्र.अ. बैठकको व्यवस्था गरिनेछ ।
- आधारभूत तह कक्षा १- ८ को परीक्षा सञ्चालन र व्यवस्थापनलाई वैज्ञानिक बनाइनेछ ।

- कक्षा ११ र १२ तथा उच्च शिक्षामा विषयगत विशिष्टता बढाउन विद्यालय र क्याम्पस बिच समझदारी कायम गरिनेछ ।
- सामुदायिक विद्यालयहरूको समग्र व्यवस्थापन सुधार गर्न ई-हाजिरी, नेटवर्क र अटोमेसन प्रणालीको क्रमशः विकास गरिनेछ ।
- विद्यालयमा जुनियर रेडक्रस, बालकल्ब, स्काउट क्लब गठन गरी क्रियाकलाप सञ्चालन गरिनेछ ।
- बढ्दो शिक्षित बेरोजगारी समस्या समाधानका लागि लोकसेवा, शिक्षक सेवा, आयोगको तयारी कक्षा सञ्चालन गरी क्षमता अभिवृद्धि गरिनेछ ।
- विद्यालयको मासिक प्रतिवेदन, माग फारम, शैक्षिक तथ्याङ्कलाई अटोमेसनमा लैजाने व्यवस्था गरिनेछ ।
- लकडाउनको कारणले भौतिक उपस्थितिमा कक्षा सञ्चालन हुन नसकेको अवस्थामा प्रचलित वैकल्पिक व्यवस्था बमोजिम शिक्षण सिकाई सहजीकरण गरिनेछ ।
- संस्थागत विद्यालयद्वारा विद्यार्थीहरूलाई प्रदान गरिने १० % छात्रवृत्ति प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- राप्ती लोक मार्ग सँग जोडिएका माध्यमिक विद्यालयहरूमा विद्यार्थीको आवतजावत व्यवस्थापनको लागि सवारी साधन व्यवस्था गर्न प्रेरित गरिनेछ ।
- नगर स्तरमा विद्यालय व्यवस्थापन विज्ञ, विषयगत शिक्षकहरूको कलस्टर निर्माण गरिनेछ ।
- स्थायी सेवामा रही अनिवार्य २० वर्ष सेवा अवधि पुरा गरेका शिक्षकहरूलाई स्वैच्छिक रूपमा सेवाबाट अवकास हुन चाहेमा निश्चित प्रोत्साहन प्रदान गरिने नीति अवलम्बन गरिनेछ ।
- रैथाने प्रकृतिका ज्ञान सीप विकासको लागि KTP र CTP कार्यक्रम लागु गरिनेछ ।
- पञ्च वर्षीय नगर शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन गर्दै लगिनेछ ।
- सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार गर्न विद्यालय मिलान, दरबन्दी मिलान गर्ने कार्यलाई अगाडी बढाइनेछ ।
- शिक्षकहरूको पेसागत विकास गर्न तालिम तथा अनुसन्धानमूलक क्रियाकलापहरू सञ्चालन गरिनेछ ।
- एमफिल र पिएचडी अध्ययनका लागि शिक्षक र नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई विशेष छात्र वृत्तिको व्यवस्था गरी अध्ययनको लागि अवसर प्रदान गरिनेछ ।
- स्नातक, स्नातकोत्तर योग्यता प्राप्त युवाहरू (English, Math, Science) लाई आवश्यकताको आधारमा स्वयंसेवक गेस्ट टिचर (Guest Teacher) को रूपमा अध्यापन गर्न परिचालन गरिनेछ ।
- प्रारम्भिक बाल विकास सहजकर्ता, विद्यालय कर्मचारीहरु र नगर अनुदान शिक्षकहरुको सेवा सुविधामा उचित वृद्धि गरिनेछ । यसको नीतिगत व्यवस्थापनको लागि "शैक्षिक संस्थाहरुलाई सहायता अनुदान कार्यविधि, २०७८" निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- नगर शिक्षा कोषको सञ्चालन गरिनेछ ।

- शिक्षाको पहुँच, गुणस्तर कायम गर्न आवश्यकता अनुसार विभिन्न क्रियाकलापहरू सञ्चालन गरिनेछ ।
- मेयर सँग उज्यालो कार्यक्रम अन्तरगत विपन्न, गरिब, जेहेन्दार विद्यार्थिहरुलाई सोलर टुकी वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगर भित्र प्रतिस्पर्धात्मक शैक्षिक वातावरणको सिर्जना गरिनेछ । उत्कृष्ट शैक्षिक उपलब्धि ल्याउने सामुदायिक विद्यालय, शिक्षक,शिक्षिका तथा विद्यार्थीहरूलाई पुरस्कृत तथा प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता गरिनेछ ।
- द्वन्द्व पीडित, जेहेन्दार तथा विशेष प्रतिभा भएका बालबालिकाहरूलाई विशेष छात्रवृत्ति प्रदान गरिनेछ ।
- एक विद्यालय एक पुस्तकालय, एक विद्यालय एक खेल मैदानको नीति लिइने छ ।
- खेलकुद क्षेत्रमा पूर्वाधार, प्रतियोगिता, प्रोत्साहन र प्रशिक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- कोभिड-१९ को कारणले अभिभावक गुमाएका सामुदायिक विद्यालय तहमा अध्ययनरत (शैक्षिक सत्र २०७७ र २०७८) बालबालिकाहरूको सिकाई सहजीकरणको लागि विशेष छात्र वृत्तिको व्यवस्था गरिनेछ ।
- विद्यालयमा अध्ययनरत विद्यार्थी तथा कार्यरत जनशक्तिहरूको लागि कोभिड-१९ विरुद्धको खोप प्रदान गर्न विशेष पहल गरिनेछ ।
- युवाहरूको विवरण अद्यावधिक गरी प्रोफाइल तयार गरिनेछ ।
- कोभिड १९ को रोकथाम, विपत् व्यवस्थापन र मानवीय सेवामा युवा तथा स्काउटहरूलाई उचित परिचालन गरिनेछ ।
- युवा परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवा उद्यमी तथा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।
- शैक्षिक क्षेत्रका उत्कृष्ट अभ्यासहरूको आदानप्रदानको लागि विभिन्न भ्रमणको व्यवस्था मिलाइनेछ ।
- युवाको साहस, सृजनशीलता र उद्यमशीलताको विकासको लागि विविध कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- युवा केन्द्रित लैङ्गिक समानता र सशक्तीकरण लागु औषध दुर्वेशन , सकारात्मक सोच, योग र मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवा तथा खेलकुद प्रतिभाको खोजी र प्रोत्साहन गरिनेछ ।

२) **स्वास्थ्य**

- प्राथामिक स्वास्थ्य केन्द्र थारमारेमा MBBS डाक्टर र १२ वटै वडामा रहेका आधारभुत स्वास्थ्य केन्द्रबाट हेल्थ असिस्टेन्ट मार्फत नियमित स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक बजेटको व्यवस्था गरि कार्यान्वयन गरिनेछ ।
- MBBS डाक्टर द्वारा प्राप्त सेवा बाहेकका विशेषज्ञ सेवा सुविधाको लागि टेलि मेडिसिन मार्फत सेवा दिने नीति लिइनेछ ।
- सबै नगर बासीहरूमा गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न "स्वच्छ नगर, स्वस्थ नगर बासी" अभियान तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

- सबै स्वास्थ्य संस्थाबाट राष्ट्रिय मापदण्ड बमोजिमका आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराइनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकालाई थप प्रोत्साहित गरी परिचालन गरिनेछ ।
- समुदायमा आधारित स्वास्थ्य स्वयंसेवक आमा समूह, टोल विकास संस्था एवं अन्य संघ संस्था र नागरिकको परिचालन गरी सचेतना मूलक गतिविधि सञ्चालन गरिनेछ ।
- नगरभित्र महामारी तथा सम्भाव्य रोगको पहिचान, नियन्त्रण र उपचारको लागि स्वास्थ्यकर्मी सहितको टिम परिचालन गरिनेछ ।
- नगर अन्तरगत विशेषज्ञ सहितको आँखा उपचार केन्द्रको स्थापना तत्काल गरिनेछ । ।
- स्वास्थ्य संस्था तथा केन्द्रहरूको समन्वयमा टोल टोलमा अखाद्य पदार्थहरूको प्रयोगलाई रोकथाम गर्न चेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- तोकिएका रोगहरूको निदानका लागि राहत सिफारिस र आर्थिक सहायता प्रदान गरिनेछ ।
- IOT माध्यमबाट स्वास्थ्य सेवा प्रणालीको व्यवस्था गरिनेछ ।
- शिक्षण संस्थाहरूको समन्वयमा स्वास्थ्यमूलक तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- निजी तथा गैरसरकारी संस्थाबाट सञ्चालित अस्पताल पोलि क्लिनिक, निदान केन्द्र औषधी पसल तथा आयुर्वेद लगायतका स्वास्थ्य संस्थाहरुको अनुमति, नवीकरण, सहजीकरण, नियमन गरिनेछ ।
- बागचौर नगरपालिका खोपयुक्त नगरपालिका घोषणा भैसकेको अवस्थालाई मध्यनजर गरी सम्पूर्ण बालबालिकाहरूको लागि खोप सुनिश्चित गरिनेछ ।
- गरिब, सीमान्तकृत, दलित महिला बालबालिका, ज्येष्ठ नागरिक, अशक्त र फरक क्षमता भएका तथा दीर्घ रोगीहरूको स्वास्थ्यमा पहुँच स्थापना गरिनेछ ।
- कोभिड-१९ महामारीको कारण सिर्जना भएको असर तथा सम्भाव्यतालाई मनन गरी थप रणनीति सहित रोगको पहिचान, उपचार, न्यूनिकरण, क्वारेनटाइन व्यवस्थापन, राहत वितरण, सचेतना कार्यक्रम, सूचना तथा तथ्याङ्क व्यवस्थापनलाई प्रभावकारी बनाउदै आइसोलेसन केन्द्रलाई थप जनशक्ति बजेट र श्रोत साधनयुक्त बनाई सञ्चालन गरिनेछ ।
- स्वास्थ्य चौकीहरूमा रहेका प्रयोगशालाको क्षमता विकास गरी “नो होम डेलिभरी कार्यक्रम” अन्तरगत बर्थिङ सेन्टरहरूको विस्तार गरिनेछ ।
- स्वास्थ्य ऐन २०७८ निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।
- कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि छुट्टै कोषको व्यवस्था गरी सरकारी, निजी तथा अन्य क्षेत्रबाट प्राप्त हुने मौद्रिक तथा गैर मौद्रिक श्रोत साधनलाई एक द्वार प्रणाली बाट परिचालन गरिनेछ ।
- बन्दाबन्दीका अवस्थामा औषधी, खाद्यवस्तु लगायतका उपभोग्य बस्तुहरूको सहज आपूर्ति हुने व्यवस्था गरिनेछ ।

- बन्दाबन्दीबाट प्रभावित असहाय, निमुखा, गरिब तथा विपन्न परिवार र कोभिड-१९ ले निम्त्याएका अन्य कारणले रोजगारी गुमाएका व्यक्तिहरूलाई लक्षित गरी राहत उपलब्ध गराइनेछ ।
- नगरपालिका अन्तरगत सञ्चालित सम्पूर्ण सामुदायिक स्वास्थ्य संस्थाहरूलाई आवश्यक जनशक्ति र श्रोत साधन प्रदान गरी प्रभावकारी सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।
- कोभिड-१९ का कारण स्वास्थ्य क्षेत्रमा पर्न सक्ने जोखिमलाई मध्यनजर गरी स्वास्थ्य क्षेत्रका नियमित कार्यक्रमहरू खोप, गर्भवती जाँच, सुत्केरी सेवा लगायतका सेवालाई नियमित गरिनेछ ।
- नगर क्षेत्र भित्रका सबै स्वास्थ्य संस्थाहरूमा आधारभूत स्वास्थ्य सेवा प्रभावकारी बनाउन आवश्यक औषधि र उपकरणको व्यवस्था गरिनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र थारमारेमा सुत्केरी हुन आउने नगर भित्रका महिलाहरू, उपचारको लागि आउने ज्येष्ठ नागरिकहरू र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिक स्वास्थ्य केन्द्र थारमारेमा आउँदा जाँदा एम्बुलेन्स भाडामा २५ प्रतिशत छुटको व्यवस्था गरिनेछ । साथै नगर बाहिर उपचारमा जानु परेमा एम्बुलेन्स भाडामा १० प्रतिशत छुटको व्यवस्था गरिनेछ ।
- ज्येष्ठ नागरिकका लागि नगरपालिका स्तरीय आँखा तथा कान स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।
- महिलाहरूको लागि नगरपालिका स्तरीय पाठेघर जाँच शिविर सञ्चालन गरिनेछ ।
- योग कक्षा मार्फत जनताको स्वास्थ्यमा सुधार ल्याउन आवश्यकता अनुसार योग शिविर सञ्चालन गरिनेछ ।
- कोभिड-१९ को कारण पर्न सक्ने असरलाई ध्यानमा राखी मनोपरामर्श सेवा प्रदान गरिनेछ।
- विद्यालयमा अध्ययनरत बालबालिकाको स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइने छ ।
- आयुर्वेद स्वास्थ्य सम्बन्धी नेपालको मौलिक, प्राचीन तथा आधारभूत स्वास्थ्य सेवामा समेत समावेश गरिएको आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आयुर्वेद स्वास्थ्य इकाई स्थापना गरिनेछ । साथै त्यसको व्यवस्थापन, औषधी, उपकरण, कर्मचारी दरबन्दी लगायत अन्य आवश्यक कार्यहरू गरिनेछ ।

३) **खानेपानी**

- सबैको लागि शुद्ध पिउने पानीको नीतिलाई अगाडी बढाइनेछ ।
- यस नगर क्षेत्रभित्र रहेका खानेपानीको मुहानहरू निश्चित मापदण्ड बनाई प्रयोग तथा संरक्षण गरिनेछ ।
- निर्माण भैसकेका मर्मत सम्भार गर्नुपर्ने खानेपानी योजनाहरूको मर्मत सम्भार, सामाग्री खरिद र मर्मत कार्यका लागि वडा तथा नगरपालिकाले एकमुष्ट बजेट राखी आवश्यकताका आधारमा काम गराइने छ ।
- खानेपानीको श्रोत संरक्षण तथा उपयुक्त पूर्वाधार विकास गरी दिगो विकासको नीति अनुरूप खानेपानीको आपूर्ति मिलाइनेछ । साथै खानेपानीको मुहानको प्रयोगको बारेमा ठोस कार्यविधि बनाई प्रयोग गरिनेछ ।
- पानीको श्रोत बढावा गर्नलाई नगर भित्रका १२ वटै वडाहरुमा रिचार्ज पोखरी निर्माण गर्ने कार्यको व्यापाकताका साथ  निरन्तरता दिइनेछ ।
- १ घर १ धारा नीति सबै वडाहरूमा विस्तार गरिनेछ ।

- तथ्याङ्कमा आधारित भई सबै खानेपानी आयोजनाहरूलाई समितिमा आबद्ध गरी न्यूनतम शुल्कको व्यवस्था मार्फत त्यस्ता आयोजनाको मर्मत गरिनेछ ।
- सुख्खा ग्रस्त क्षेत्रहरूमा पोखरीहरूको निर्माण, पुनर्भरण तथा मर्मत सम्भार गरिनेछ ।
- खानेपानी योजनाका व्यवस्थापक तथा सहयोगीलाई तालिम दिइनेछ । लिफ्ट खानेपानी आयोजनाहरुको विद्युत् महसुल तथा मर्मत सम्भार सम्बन्धित समिति मार्फत गर्ने व्यवस्था मिलाइनेछ ।

४) **महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता**

- लैङ्गिक विभेदलाई न्यूनीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- बाल संरक्षण, किशोरी सशक्तीकरण, ज्येष्ठ नागरिक, एकल महिला, घाइते अपाङ्गता भएका व्यक्ति तथा हिंसा पीडित महिलाहरूका लागि सशक्तीकरण र पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- महिला, दलित, जनजाति, जनयुद्ध तथा जनआन्दोलनका घाइते तथा मध्यम किसिमले भन्दा फरक क्षमता भएका व्यक्तिहरूको सिप, क्षमता विकास तथा आय आर्जनमूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- स्थानीय स्तरमा उत्पादित बस्तुहरूको प्रचार प्रसार तथा बजारीकरणको लागि कोसेली घरको स्थापना गरी त्यसको आवश्यक व्यवस्थापन र सञ्चालन महिला समूह / सहकारीद्वारा गर्ने व्यवस्था मिलाइनेछ ।
- महिला तथा आमा समूहहरूको सहकारी करण गर्दै उत्पादन तथा साना उद्योग व्यवसाय सञ्चालन गर्न नगरपालिकाबाट प्रदान गरिने अनुदानमा महिला सहकारीहरूलाई प्राथमिकता दिइनेछ ।
- दलित तथा अल्प सङ्ख्यक समुदायहरूको परम्परागत सीप क्षमताको संरक्षण, प्रवर्द्धन तथा विकासमा जोड दिइनेछ ।
- जातीय भेदभाव तथा छुवाछुत विरुद्ध विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक कुरीति तथा कुसंस्कारजन्य क्रियाकलापहरू जस्तै जुवा तास, मदिरा सेवन तथा विक्री वितरण, बोक्सी, दाइजो, छुवाछुत प्रथा तथा यौन विकृति जस्ता क्रियाकलापहरू निरुत्साहित गर्न महिला समूह तथा समितिहरूलाई सक्रिय बनाइने छ ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरूको डाटा सङ्कलन तथा अभिलेख व्यवस्थापन गरिनेछ ।
- मध्यम अपाङ्गता भएका व्यक्तिहरूको सीप तथा व्यावसायिकता विकास गरिनेछ ।
- ज्येष्ठ नागरिकहरूलाई सम्मान जनक व्यवहार गर्ने संस्कारको विकास गरिनेछ ।
- ज्येष्ठ नागरिकहरूलाई कानुन प्रदत्त सेवाको पहुँच पुऱ्याउन सरोकारवालाहरूलाई जिम्मेवार बनाइने छ ।
- बालबालिकाहरूको क्षमता विकासको लागि बाल अधिकार सम्बन्धी तालिम तथा कार्यक्रम सञ्चालन गरिनेछ ।
- "बालबालिका सँग मेयर" कार्यक्रम सञ्चालन गरी अभिभावक गुमाएका जोखिममा परेका तथा अपाङ्गता भएका बालबालिकाहरूको खोज पुनर्स्थापना तथा तिनीहरूको आवश्यक व्यवस्थापन गर्ने कार्य गरिनेछ ।

- "उप मेयर सँग आज" कार्यक्रम सञ्चालन गरी महिला, जनजाति, सीमान्तकृत दलित तथा पिछडिएका वर्गहरूको लागि अन्तरक्रिया कार्यक्रम राखी निर्धक्कका साथ आफ्ना कुरा राख्न र सुन्न प्रेरित गरिनेछ।
- वाल विवाह न्यूनीकरण गर्न विद्यालय स्तरदेखि वडा टोल स्तरसम्म जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- बालश्रम न्यूनीकरण गर्न विविध कार्यक्रम सञ्चालन गरिनेछ । छोरीको बैङ्क खाता कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

५) **कला साहित्य र संस्कृति**

- यस नगरभित्र लोपोन्मुख कला, साहित्य, संस्कृतिको जगेर्ना विकास र विस्तारका लागि विविध कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर क्षेत्र भित्रका प्रचलित जात्रा, पर्व लगायतका धार्मिक, सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- अल्पसङ्ख्यक समुदायको परम्परागत पेसा, व्यवसाय र प्रविधिको संरक्षण र संवर्द्धन गरिनेछ ।

## पूर्वाधार विकास तर्फ

### १. सडक

- नयाँ सडक विस्तारको क्रममा स्थानीय पानीको श्रोत, वन जङ्गल, प्राकृतिक श्रोत तथा धार्मिक क्षेत्रमा प्रतिकुल असर नहुने गरी विस्तार गरिनेछ ।
- किसानको उत्पादकत्व बढाउन, किसानले उत्पादन गरेको तरकारी, फलफूल, खाद्यान्न, जडीबुटी आदिको विक्रिवितरण, ढुवानी, नागरिकको स्वास्थ्य उपचार तथा हरेक समय आन्तरिक आवागमनलाई सहज बनाउन स्थानीय रूपमा बनेका कच्ची सडकहरूको मर्मत सुधार अत्यावश्यक छ । त्यसको लागि निर्माण कार्य पुरा भैनसकेका अधुरा सडकहरू पुरा गर्ने र बनेका सडकहरूको मर्मत सम्भार गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ । अत्यावश्यक बाहेक जथाभाबी नयाँ ट्र्याक खोल्ने कार्य निरुत्साहित गरिने छ ।
- सहिद रिङ रोडको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- पुरा भैसकेका सानातिना सडकहरू सुधार तथा मर्मत कार्यको लागि वडा तथा नगरपालिका कार्यालयले एकमुष्ट बजेट राखी आवश्यकताका आधारमा काम गराइने छ ।
- वडाभित्रका सडकहरूको मर्मत सम्भार गर्ने कार्य सम्बन्धित वडाबाटै गर्ने नीति अवलम्बन गरिने छ।
- प्रत्येक वडा कार्यालय तथा स्वास्थ्य संस्था सम्म पुग्ने सडकहरूको स्तरोन्नति तथा मर्मत सम्भार गरी बाह्रै महिना सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।

- नगर क्षेत्र भित्रका सडकहरूको नियमित मर्मत सम्भारका लागि मुख्य मुख्य सडकहरूमा लायन्स म्यान को व्यवस्था गरी सडकहरूको नियमित मर्मत सम्भारको व्यवस्था मिलाइनेछ ।
- पैदल आवागमनलाई सहज बनाउन गोरेटो, घोरेटो तथा मसानघाट जाने बाटोहरू निर्माण गरिनेछ ।

## १. सिँचाई

- मौजुदा पानीका स्रोतहरूको अधिकतम उपयोग गरी सिँचाईको लागि प्रयोग गर्ने नीति लिइनेछ ।
- सिँचाई डिभिजन र सिँचाई सँग सम्बन्धित विभिन्न परियोजनाहरूसँग समन्वय र साझेदारीमा ठुला योजनाहरू कुलो नहर बनाउने कार्यलाई प्राथमिकता दिइने छ ।
- कृषि योग्य जमिनमा दिगो एवं भरपर्दो सिँचाई सेवा पुऱ्याउन साना सिँचाई आयोजना सञ्चालन गरी कार्यान्वयनमा ल्याइनेछ ।

## २. विद्युतिकरण

- केन्द्रीय प्रसारण लाइन नपुगेका स्थानहरूमा विधुत लाइन विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरभित्रका साविक गाविसका ५४ वटै वडाहरुमा यो वर्ष नै विद्युत विस्तार गर्ने नीति लिइनेछ ।
- नगर भित्रका उपयुक्त मुख्य मुख्य स्थानहरूमा सडक बत्तीको व्यवस्था मिलाइने छ ।
- आवश्यकताका आधारमा सौर्य सोलर बत्तीको व्यवस्था मिलाइने छ ।
- विद्युत सेवा नपुगेका वडाहरूमा आ.व. २०७८।०७९ भित्रै विद्युत् विस्तार गरिनेछ ।

## ३. भवन, आवास तथा सहरी सुविधा

- भवन निर्माण मापदण्ड २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- भवन निर्माण कार्यलाई गुणस्तरीय, सुरक्षित तथा भूकम्प प्रतिरोधात्मक बनाउन नगरपालिकाले भवन निर्माण संहिता तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- राष्ट्रिय भवन संहिताको पूर्ण रूपमा पालना गर्दै नगरपालिका भित्र बनिसकेका घरहरूको अभिलेखीकरण र नयाँ बन्ने घरहरूको नक्सा पास कार्यलाई अगाडी बढाइनेछ ।
- सरकारी /सार्वजनिक जग्गाको जथाभाबी व्यक्तिगत उपभोग गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
- सुरक्षा तथा सेवा सुविधाका दृष्टिकोणबाट अनुपयुक्त रहेका आवास क्षेत्रको स्थानान्तरणलाई प्रोत्साहित गरिनेछ ।
- नयाँ निर्माण हुने तथा पुनर्निर्माण हुने सरकारी भवन, सार्वजनिक स्थल, सडक यातायात लगायतका पूर्वाधार संरचना अपाङ्ग मैत्री बनाउन प्रेरित गरिनेछ ।

- अव्यवस्थित जग्गा प्लटिङलाई निरुत्साहित गरिनेछ ।
- "दिन्न म फोहर आफैँ बनाउँछु मोहर" भन्ने नारालाई आत्मसाथ गर्दै फोहर मैलाको उचित व्यवस्थापन गरिनेछ ।
- सार्वजनिक शौचालय नभएका बजार क्षेत्रमा कम्तीमा एउटा सार्वजनिक शौचालय निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।
- यस नगरपालिकाबाट निर्माण गरिने प्रशासनिक तथा सार्वजनिक क्षेत्रका भवनहरू निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरभित्र मिनि बहु उद्दश्यीय कर्भड हल निर्माणका लागि आवश्यक जग्गाको व्यवस्थापन गरी तत्काल नगरका ५ ठाउँमा निर्माण कार्य अगाडी बढाइने छ ।

## वन, वातावरण,भू संरक्षण,जलाधार संरक्षण तथा विपद् व्यवस्थापन

१. **वन वातावरण**

- वनको अधिकार प्रयोगमा सामूहिक संरक्षण र सामूहिक उपभोगको नीति अनुसार सबैले उपभोग र संरक्षण गर्न पाउने नीति अवलम्बन गरिने छ ।
- सामुदायिक वनको संरक्षणमा समुदायलाई थप जिम्मेवार बनाउँदै वन तथा वातावरण संरक्षण र संवर्द्धनमा जोड दिइने छ ।
- वनमा आगलागी गर्ने, चोरी सिकारी गर्ने, खोलामा विष तथा करेन्ट प्रयोग गरी माछा मार्ने कार्यलाई निरुत्साहित गरिने छ ।
- वातावरण मैत्री स्थानीय शासनको प्रारूपलाई स्थानीयकरण गर्न समन्वयात्मक अभियान सञ्चालन गरिनेछ ।
- जलवायु परिवर्तन सहयोग कार्यक्रमहरू सञ्चालन गरिनेछ । वातावरण संरक्षण र जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण तथा अनुकूलन गर्दै प्राकृतिक स्रोत साधनको दिगो व्यवस्थापन गर्ने कार्यक्रम प्राथमिकता साथ सञ्चालन गरिने छ । क्रियाकलापको प्राथमिकरण गर्दा ठुला, बहु आयामिक, दिगो, जल, जलाधार, वनजगंल, कृषि, सिचाई तथा जीविकोपार्जन सँग सम्बन्धित क्रियाकलापको छनौटलाइ केन्द्रित गरिनेछ ।
- वातावरण संरक्षण तथा संवर्द्धनमा जोड दिँदै वातावरण मैत्री योजना सञ्चालन गरिने नीति लिइने छ । साथै विकास निर्माणका योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरिनेछ ।
- बागचौर नगरपालिकालाई धुवाँ रहित नगरपालिका बनाउन विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- शारदा नदी लगायतका स्थानहरूमा नदी जन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा जथाभाबी रूपमा उत्खनन गर्ने कार्यलाई नियन्त्रण गरिने छ । डोजर लगाउने कार्यलाई पूर्ण रूपमा बन्देज गरिनेछ ।

- वन क्षेत्रको संरक्षण र संवर्द्धन गर्दै वातावरणीय सन्तुलन कायम गरी वन जन्य क्षेत्रको बहु उपयोग गरी आय र रोजगारी सिर्जना गरिनेछ ।
- हरित नगरको अवधारणालाई कार्यान्वयन गर्न खुला क्षेत्र सार्वजनिक भवन तथा विद्यालय एवं निजी क्षेत्र समेत लाई वृक्षारोपण कार्यक्रममा सहभागी गराइनेछ ।
- सामुदायिक वन व्यवस्थापन तथा जडिबुडी उत्पादनलाई विशेष प्राथमिकतामा राखिनेछ ।
- वन उपभोक्ता समितिलाई व्यवस्थित गर्नुका साथै वनको आम्दानीलाई व्यवस्थित र पारदर्शी बनाउन वन कार्यालयसँगको समन्वयमा आवश्यक कार्य अगाडी बढाइनेछ ।

## २. भू संरक्षण, जलाधार संरक्षण

- बाढी पहिरो रोकथाम गर्न बाँस निगालो, अम्लिसो, भुईघाँस जस्ता बायो इन्जिनियरिङ प्रविधिलाई प्रोत्साहन गरिनेछ ।
- गल्छी खोला किनाराहरूमा भू क्षय हुनबाट बचाउन त्यस्ता ठाउँहरूमा सुख्खा पर्खाल, तटबन्ध निर्माण तथा वृक्षारोपन कार्यक्रम सञ्चालन गरिनेछ ।
- जलाधार क्षेत्रको संरक्षण गर्ने नीति लिइनेछ ।

## ३. विपद् व्यवस्थापन

- विपद् र महामारीको पूर्व तयारी र प्रतिकार्यको लागि नगर तथा वडा स्तरमा विपद् व्यवस्थापन समिति गठन गरी परिचालन गरिनेछ ।
- प्रविधिको प्रयोग गरी नगर भित्र हुने भूक्षय, बाढी पहिरो आगलागी भूकम्प जस्ता प्रकोपहरूको व्यवस्थापन गरिनेछ । यसका लागि सरोकारवालाहरू सँग समन्वय गरिनेछ ।
- विपद् व्यवस्थापन तथा उद्धार कार्यमा सहजताको लागि नगरको उपयुक्त स्थानमा एम आइ १७ सम्मको हेलिकप्टर बस्ने सक्ने हेली प्याडको व्यवस्था गरिनेछ ।
- बाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपबाट प्रभावितलाई तत्काल राहत, औषधि उपचार, खानपान लत्ता कपडा उपलब्ध गराउने नीति लिइनेछ ।
- विपद् व्यवस्थापन कोषको वृद्धि गरी समुचित परिचालन गरिनेछ ।
- जलवायु अनुकूलन योजना तर्जुमा गरी कार्यान्वयनमा लिइनेछ ।
- जोखिममा परेका बस्तिहरूको व्यवस्थापनको लागि आवश्यक अध्ययन गरिनेछ ।
- नगरपालिकामा खडा गरिएको विपद् व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ ।
- नगर क्षेत्र भित्रका नदी कटानका जोखिमयुक्त स्थानको पहिचान गरी सो को न्यूनीकरण गरिने छ ।

- विपतको पूर्व तयारीका लागि सम्भाव्य जोखिम न्यूनीकरण गर्न विपत् व्यवस्थापनका अत्यावश्यक सामग्रीहरूको आवश्यक बन्दोबस्त मिलाइने छ ।
- जनप्रतिनिधि, कर्मचारी, सुरक्षा निकाय, स्थानीय समुदायलाई विपद् पूर्व तयारी, विपद् प्रतिकार्य, राहत वितरण सम्बन्धी तालिम तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**सुशासन, संस्थागत विकास र मानव पुजी व्यवस्थापन तर्फ**

- नगरपालिकालाई आवश्यक पर्ने जनशक्तिको आंकलन र दरवन्दि सिर्जना गर्न आवश्यक नीतिगत अध्ययन गरिनेछ ।
- नगरपालिकाको प्रशासनिक तथा साङ्गठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त मितव्ययी र नतिजामूलक बनाउन रिक्त दरबन्दीहरूमा स्थायी पदपूर्ति गर्न यथासक्य पहल गरिनेछ ।
- नगर र वडाका सबै कर्मचारीहरूको कार्य विवरण बनाई लागु गरिनेछ र मासिक रुपमा प्रगति प्रतिवेदन पेस गर्ने व्यवस्था गरिनेछ । कार्य सम्पादनमा ई- शासनलाई प्राथमिकता दिइनेछ ।
- उत्कृष्ट कार्य गर्ने कर्मचारी, करदाता, कृषक, उपभोक्ता समिति, सञ्चारकर्मीलाई पुरस्कृत गरिने नीति लिइनेछ ।
- कर्मचारीको क्षमता विकासको लागि विभिन्न तालिम र अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- कार्यरत जनशक्तिहरूको लागि न्यूनतम पारिश्रमिकको व्यवस्था गरिनेछ । कार्य बोझ र कार्य सम्पादनको आधारमा उत्कृष्ट कार्य सम्पादन गर्ने शाखा वा कर्मचारीको लागि प्रोत्साहन उपलब्ध गराइनेछ ।
- विषय र प्रकृतिको आधारमा छानिएको कर्मचारीहरूको लागि १० दिन सम्मको अध्ययन भ्रमणको व्यवस्था मिलाइनेछ ।
- सेवा प्रवाहमा स्मार्टपालिको अवधारणलाई कार्यान्वयनमा ल्याइनेछ ।
- सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा अनुगमन र मुल्याङकन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- कार्यालयमा विभिन्न प्रकारका सफ्टवेयर तथा सूचना प्रविधिको प्रयोगमा जोड दिइने छ ।
- कार्यालयमा विभिन्न प्रकारका मोबाइल एप्स, वेबसाइट तथा आधिकारिक जिमेल एकाउन्ट बाट प्रदान गरिने सेवालाई निरन्तरता दिइने छ ।
- नगरपालिकाको मौजुदा जनशक्ति व्यवस्थापनमा ओ एन्ड एम सर्भे गरी आवश्यक पर्ने रिक्त दरबन्दीहरू नियम अनुसार स्थायी पदपूर्ति गर्ने व्यवस्था मिलाइने छ ।
- सेवा प्रवाहमा सम्बन्धित शाखालाई जिम्मेवार बनाई प्राप्त गुनासो र उजुरीको तत्कालै सुनवाइ हुने व्यवस्था मिलाइनेछ ।
- विकास निर्माणका कार्यलाई छिटो, छरितो र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने स्थायी पदपूर्ती नभएसम्मको लागि वडा प्राविधिकहरुको व्यवस्था गरि प्रविधिकहरु वडामा रहि काम गर्ने व्यवस्था मिलाइनेछ ।

- वडा कार्यालयबाट प्रदान हुने सेवालाई प्रभावकारी बनाउन वडा कार्यालयहरूको प्राविधिक तथा भौतिक पूर्वाधारको अवस्थामा सुधार गरिनेछ ।
- नगरका मुख्य स्थानहरूमा फ्री वाईफाई राख्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाबाट प्रदान हुने सेवा सुविधाका सम्बन्धमा प्रभावकारी नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- सेवाग्राहीलाई आफूले चाहेको सेवा लिन अनलाइन प्रणाली बाटै आवेदन दिई सेवा प्रवाहलाई अटोमेसनमा लिइने नीति लिइनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन जनशक्तिको उचित परिचालन, न्यूनतम पारिश्रमिक प्रदान, प्रोत्साहन तथा समयअनुकल स्थानीय भत्ताको व्यवस्था गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिम, अध्ययन तथा अवलोकन भ्रमणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- जनशक्तिलाई काम प्रति बढी जबाफदेही बनाउन शाखा प्रमुखहरूसँग कार्य सम्पादन करार गरिनेछ ।
- राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग सँग सम्बन्धित कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लगिनेछ ।
- नगर स्तरीय तथ्याङ्कलाई एक द्वार प्रणालीमा आबद्ध गरी प्रदेश र संघको तथ्याङ्क प्रणालीमा आबद्ध गरिनेछ ।
- नगरपालिकाको आन्तरिक लेखा परीक्षण शाखालाई आवश्यक जनशक्ति सहित सक्रिय बनाइनेछ ।
- नगरको नियमनकारी भूमिकालाई प्रभावकारी बनाई बजार, बालश्रम, विद्यालय, व्यवसाय दर्ता र सञ्चालन, मदिरा बिक्री वितरण र सेवन, घर निर्माण, सार्वजनिक जग्गाको साध, सिमाना, इन्धन डिपो, होटेल तथा मोटेल,दूध डेरी मासु पसल , औषधि पसल लगायतका नागरिकको जनजिविका सँग सम्बन्धित विषयहरूलाई प्रचलित कानुनको अधीनमा रही कडाइका साथ अनुगमन गरी स्थानीय सरकारको प्रत्याभूति गराइने छ ।
- स्थानीय सुरक्षा निकाय र सरोकारवालहरू बिच सुरक्षा व्यवस्थापनलाई सबल बनाउन आवश्यक अन्तरक्रिया तथा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन हेलो नगर सरकार कार्यक्रम सञ्चालन गरिनेछ । गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ ।

**सूचना, सञ्चार तथा प्रविधि**

- नगरक्षेत्र भित्र सञ्चार सेवाको गुणस्तर बढाउन सूचना प्रविधि इकाई मार्फत नियमित रूपमा अनुगमन तथा नियमन गरिनेछ ।
- नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयको सेवा प्रवाहलाई सूचना प्रविधिमय बनाउन आवश्यक इन्टरनेट सुविधालाई मजबुत बनाउँदै लगिनेछ ।

- स्थानीय पत्रिका, एफ.एम. रेडियो, मासिक बुलेटिन र टेलिभिजनहरूमार्फत नगरका गतिविधिहरू आवश्यकता अनुसार प्रकाशन र प्रसारण गरिनेछ ।
- जनताको सु-सूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न सार्वजनिक सुनुवाइ, जनतासँग जनप्रतिनिधि कार्यक्रम, कार्यालयबाट सम्पादित कार्यहरूको चौमासिक सार्वजनिकरण गर्ने प्रणालीको विकास गरिनेछ ।
- तथ्याङ्क सुरक्षा तथा साइबर सुरक्षा को व्यवस्था मिलाइ कार्यान्वयन गरिनेछ ।
- नगरपालिकाको विकास निर्माण, सुशासन, सेवा प्रवाह, सामाजिक सचेतना लगायतका विषयमा कलम चलाउने सञ्चार कर्मी र मिडिया हावसलाई वार्षिक रूपमा पुरस्कृत गरिनेछ ।
- बागचौर नगरपालिकालाई स्मार्ट नगरपालिकाको रूपमा विकास गरिनेछ ।
- सामाजिक सञ्जालको दुरुपयोगलाई निरुत्साहित गरिनेछ ।

**न्याय तथा कानुन**

- असल शासन व्यवस्था सञ्चालनको लागि विधिको शासनको आवश्यकता रहन्छ । विधिको शासन भन्नु नै कानुनको सहाराबाट शासकीय पद्धति सञ्चालन गर्नु हो । संघीय सरकारबाट कानुनका केही खाकाहरू समय समयमा प्राप्त भएका छन् । प्रदेश सरकारका कानुनहरू पनि निर्माण भई रहेका छन् । हाम्रो यस बागचौर नगरपालिकाले हालसम्म विभिन्न ऐन, नियम, कार्यविधिहरू निर्माण गरेको भए तापनि अझै महत्त्वपूर्ण ऐन, नियम, कार्यविधिहरू निर्माण गर्न बाँकी नै रहेको हुँदा उक्त कानुनहरू निर्माण कार्यलाई आगामी आ.ब.मा पनि निरन्तरता दिइने छ ।
- न्याय सम्पादनको कामलाई छिटो, छरितो तथा व्यवस्थित बनाउने तर्फ ध्यान दिइने छ ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरी मेलमिलापको माध्यमबाट वडामा नै विवादको समाधान गर्ने व्यवस्थाका लागी सबै वडाहरूमा मेलमिलाप कर्ताहरूको व्यवस्था मिलाइने छ ।
- न्यायिक समिति र मेलमिलाप कर्ताहरूलाई क्रियाशील र दक्ष बनाउन तालिम सञ्चालन गरिने छ ।
- नगर कार्यपालिका तथा नगर सभाका सदस्यहरू र कर्मचारीहरूलाई कानुन तथा न्यायिक क्षेत्रसँग सम्बन्धित विषयमा तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ ।
- सबै वडाहरुका महिलाहरुलाई कानूनी परामर्श सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- मेलमिलाप कर्तालाई क्रियाशील बनाई सानातिना विवादहरू वडा स्तरमै हल गर्ने व्यवस्थाका लागि आवश्यक खर्च, स्टेसनरी, बेन्च तथा खाजाको व्यवस्था मिलाइनेछ ।
- न्यायिक काममा आवश्यक पर्ने कानुनी परामर्श र मुद्दा फैसलामा सहजीकरण गर्नका लागि सेवा करार मार्फत एक जना कानुन व्यवसायीको व्यवस्था गरिनेछ ।

**गैर सरकारी क्षेत्र, टोल विकास संस्था, आमा /महिला समूह**

- यस नगरपालिकालाई कार्यक्षेत्र बनाई काम गर्ने विकाससँग साझेदार निकायहरूलाई एकद्धार प्रणालीबाट काम गर्ने नीति लिइने छ ।
- नगर भित्रका गैर सरकारी संघ, संस्था तथा समूहको प्रभावकारी परिचालन, नियमन, अनुगमन गर्ने नीति लिइने छ ।
- टोल विकास संस्था, आमा तथा महिला समूह गठन र परिचालनका लागि आवश्यक कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।
- नगरपालिका भित्र विभिन्न आयोजना तथा क्रियाकलाप सञ्चालन गरिने गैर सरकारी संघ संस्थाहरूले अनिवार्य रूपमा आगामी वर्षको बजेट तथा कार्यक्रम नगरपालिकामा पेस गरी नगर कार्यपालिकाबाट स्वीकृत भए पश्चात् कार्यान्वयन गर्ने नीतिलाई कडाइ साथ कार्यान्वयन गरिनेछ ।

**राजश्व तथा श्रोत परिचालन**

- कोभिड-१९ रोकथाम नियन्त्रणको लागि नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दिका कारण आय सङ्कलन प्रभावित भएको र आगामी आ.व.मा समेत यो अवस्था रहन सक्ने भएकोले आगामी आ.व. ०७८।०७९ को लागि यस नगरपालिकाबाट सङ्कलन हुने कर राजश्व १ करोड अनुमान गरिएको छ ।
- यस नगरपालिकामा जम्मा हुनुपर्ने कर/ राजश्व लक्ष्य अनुसार सङ्कलन हुन नसकेकोमा मुख्यतः व्यवसायीहरूले व्यवसाय दर्ता नवीकरणलाई महत्त्व नदिएको र हाल कोभिड १९ का कारण व्यवसाय लगायतका क्षेत्रमा परेको असर समेतलाई ध्यानमा राखी राजश्व सङ्कलन कार्य अगाडि बढाइने छ ।
- "मेरो नगर विकासमा मेरै योगदान, कर तिर्नु असल नागरिकको पहिचान" भन्ने नारालाई आत्मसाथ गरी अधिकतम व्यक्ति र क्षेत्रलाई करको दायरामा ल्याई राजश्व सङ्कलन गर्न राजश्व सुधार कार्य योजना बनाई लागु गरिने छ ।
- घरेलु तथा साना उद्योग कार्यालयबाट सञ्चालन गरिने उद्योग / व्यवसाय दर्ता तथा नवीकरण लगायतका कामहरू नगरपालिकाबाटै गरिने व्यवस्था मिलाइनेछ ।
- कर छली र चुहावटलाई नियन्त्रण गर्दै लिइनेछ ।
- राजश्व सङ्कलन प्रणालीलाई डिजिटल प्रविधि मार्फत व्यवस्थित गरिनेछ ।
- नगर क्षेत्र भित्र परम्परागत रूपमा उपभोग गर्दै आएका राजस्वको दायरा बाहिर रहेका ऐलानी पर्ती जग्गाहरू छुट्ट्याई सो क्षेत्रभित्र रहेका घर, टहरा सञ्चालन तथा निर्माण सम्बन्धी ठोस नीति बनाई राजश्वको दायरा भित्र ल्याइनेछ ।
- तोकिएको रकम तोकिएको समयमा नबुझाउने र तोकिएको समयमा काम सम्पन्न नगर्ने ठेकेदार कम्पनी तथा निर्माण व्यवसायीलाई काममा सहभागी नगराउने नीति लिइनेछ ।

- कार्यालयबाट प्रदान गरिने कुनै पनि सिफारिस वा सेवा लिन आउँदा सेवाग्राहीले कर बुझाएको प्रमाणको प्रतिलिपि अनिवार्य पेस गर्नु पर्नेछ ।
- सबैभन्दा बढी कर बुझाउने व्यक्ति वा संस्थालाई सम्मान स्वरूप उत्कृष्ट करदाता सम्मान पुरस्कार बापत उसले बुझाएको करको १० प्रतिशतले हुन आउने रकमले पुरस्कृत गरिनेछ ।
- आगामी आ.व.मा बढाइने तथा छुट दिइने करको दरहरू आर्थिक ऐनको अनुसूचीहरूमा उल्लेख गरिनेछ । अन्य बाँकी सबै क्षेत्रहरूमा आ.व. २०७७।०७८ को दरलाई कायम गरिनेछ ।
- नगरपालिकाको कुल राजश्व सङ्कलनको योगदानमा आधारित भई वडालाई दिइने अनुदान निर्धारण गरिने नीति लिइनेछ ।
- नगरपालिकाको समग्र राजश्व सम्बन्धी अध्ययन गर्ने विज्ञ सहितको अध्ययन टोली गठन गरिनेछ ।

**बजार व्यवस्थापन**

- बजार विस्तार सँगै उपयुक्त सडक, सडकपेटि, ढल निकास तथा नाली र सार्वजनिक स्थलहरूको व्यवस्थापन गर्दै लगिनेछ।
- बजार क्षेत्रमा रहेका पसलहरूको सामान उक्त पसल रहेका घरको सडक, सडक पेटी र सटर वा ढोका बाहिर जथाभाबी राख्ने कार्यलाई बन्देज लगाइनेछ ।
- नगर क्षेत्रमा जथाभाबी रूपमा होर्डिङ बोर्ड राख्ने ब्यानर तथा पोस्टर टाँस्ने कार्य अशोभनीय भएको हुँदा यस्तो कार्यको लागि नगरपालिका कार्यालयबाट अग्रिम रूपमा स्वीकृति लिनु पर्नेछ ।
- कालो बजारी मूल्य वृद्धि र कृत्रिम अभाव सृजना हुन नदिन बजार अनुगमन संयन्त्रको प्रभावकारी परिचालन गरी आपूर्ति व्यवस्था सहज गरिनेछ । साथै नियमन कार्यलाई कडाइका साथ लागु गरिनेछ ।
- जथाभाबी जुवा तास खेल्ने तथा मदिरा सेवन गर्ने र बिक्री वितरण गर्ने गराउने कार्य समाजको लागि हानिकारक भएको हुँदा उक्त कार्यलाई निरुत्साहित गरिनेछ ।
- प्रत्येक महिनाको १ गते र २५ गते स्थानीय स्तरमा हाट बजार सञ्चालन गरिनेछ ।

**नगर प्रहरी तथा सुरक्षा व्यवस्थापन**

- नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको नगरपालिकाको सुरक्षा व्यवस्था लगायतका कामहरू व्यवस्थित गर्न नगर प्रहरी गठन गर्ने व्यवस्था गरिनेछ । त्यसको लागी आवश्यक कार्यविधि बनाई लागु गरिने छ ।
- नगर क्षेत्रभित्र रहेका सुरक्षा निकायसँग समन्वय र सहकार्य गरी शान्ति सुरक्षा कायम गर्ने लगायतका आवश्यक कार्यहरू गरिनेछ ।

## विविध व्यवस्था

- आर्थिक सहायता कोषमा बजेट व्यवस्था गरी आर्थिक सहायता प्रदान गर्नुपर्ने व्यक्तिहरूलाई सो कोष मार्फत आर्थिक सहायता उपलब्ध गराइनेछ । सो को लागि कार्यविधिको तर्जुमा गरिनेछ ।
- संघीय सरकार, प्रदेश सरकार तथा अन्य साझेदार संघ संस्था तथा विकास कार्यालयहरू सँगको साझेदारीमा सम्पन्न गर्नु पर्ने आयोजना तथा कार्यक्रमहरूको लागि छुट्टै समपूरक कोष (Matching Fund) मार्फत गरिने व्यवस्था गरिनेछ । सशर्त, समानिकरण, विशेष र समपूरक मोडेलबाट हस्तान्तरित भई आएको श्रोत साधनलाई उचित परिचालन गरिनेछ ।
- पञ्जिकरण प्रणालीलाई थप व्यवस्थित बनाई सामाजिक सुरक्षा वितरण प्रणालीलाई प्रभावकारी बनाइने छ । यसका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्था गर्न श्रोत साधनमा साझेदारी गरिनेछ ।

## गत वर्षमा सञ्चालित कार्यक्रमहरूको निरन्तरता

- यस नगरपालिकाको चालु आ.व. २०७७।०७८ मा स्वीकृत कार्यक्रम र विनियोजित बजेटबाट सञ्चालन गरिनुपर्ने कतिपय योजना कार्यक्रमहरू आ.व. २०७७।०७८ को अन्तसम्म पनि काम सरु भएर सम्पन्न हुन नसकेका वा भुक्तानी हुन नसकेका कार्यक्रमहरूलाई आगामी आ.ब. २०७८।०७९ मा बजेट सहित निरन्तरता दिइने नीति लिइएको छ ।

## सभाका सदस्यज्यूहरु र अन्य महानुभावहरु,

अन्तमा, राजनीतिक, सामाजिक तथा आर्थिक उपलब्धिलाई संरक्षण गर्दै बागचौरको हित, गौरव र सम्मानमा अभिवृद्धि गर्न र कोभिड-१९ लगायतका महामारीको व्यवस्थापन गर्दै त्यस्ता प्रकोपबाट प्रभावित सामाजिक, आर्थिक क्षेत्रहरूलाई पुनर्जीवन दिई विकास निर्माणलाई तीव्रता दिने उद्देश्यका साथ आर्थिक वर्ष २०७८।७९ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट उच्च दरको आर्थिक वृद्धि , महामारीको असर न्यून , सामाजिक, आर्थिक क्षेत्रको गतिशीलता तथा सामाजिक न्यायको प्रत्याभुति सहितको समृद्ध नगर निर्माणको अभियानमा सबै नगरबासीको महत्त्वपूर्ण भूमिकाको अपेक्षा गरेको छु ।

नीति तथा कार्यक्रम तर्जुमाका क्रममा सहयोग गर्नुहुने नगर उप-प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, कर्मचारी मित्रहरू र प्रस्तुत नीति तथा कार्यक्रममा महत्त्वपूर्ण सल्लाह सुझाव प्रदान गर्नुहुने नगर सभाका सदस्यज्यूहरू प्रति हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा यहाँहरूको तदारुकता, सक्रियता तथा आम नगर बासीहरूको पूर्ण साथ सहयोगको अपेक्षा सहित हाल विश्वभर महामारीका रूपमा फैलिएको कोभिड-१९ बाट आफू आफ्नो परिवार र समुदायलाई सुरक्षित राख्न सम्पूर्ण नगरबासीलाई सफलता मिलोस् । धन्यवाद !

लोकमान बुढाथोकी
नगर प्रमुख
बागचौर नगरपालिका, सल्यान